International Civil and Commercial Law Centre International

Civil and Commercial Law Centre International Civil and Commercial Law Centre International Civil and Commercial Law Centre International Civil

and Commercial Law Centre International Civil and Commercial Law

Centre International Civil and Commercial Law Centre International Civil and Commercial Law Centre International Civil and Commercial Law Centre





# International Civil and Commercial Law Centre

## ICCLC

सार्वजनिक हित फाउन्डेशन अन्तर्राष्ट्रिय नागारिक तथा व्यवसायिक ऐन केन्द्र

अन्तर्राष्ट्रिय नागरिक तथा व्यवसायिक ऐन केन्द्र

स्थापना सन् १९९६ साल अप्रिल

सार्वजनिक हित फाउन्डेशन अन्तर्राष्ट्रिय नागरिक तथा व्यवसायिक ऐन केन्द्र सूचीपत्र

# सूचीपत्र

तर, यस क्षत्र भित्र शित युद्धात्मक संरचनाको अन्त्य संगसंगै बाजार अर्थतन्त्र तर्फ परिवर्तन भइरहेको र अन्तर्राष्ट्रिय बजार तर्फको सम्लग्नताका लागि प्रयास गरिरहेका राष्ट्रहरू पनि अझै छन्। तर, यस क्षत्र भित्र शित युद्धात्मक संरचनाको अन्त्य संगसंगै बाजार अर्थतन्त्र तर्फ परिवर्तन भइरहेको र अन्तर्राष्ट्रिय बजार तर्फको सम्लग्नताका लागि प्रयास गरिरहेका राष्ट्रहरू पनि अझै छन्।

यस किसिमको बाजार अर्थतन्त्र तर्फ परिवर्तन भइरहेको राष्ट्रहरूमा, आर्थिक गातिविधिका लागि आवश्यक नागरिक तथा व्यवसायिक ऐनको विकास र त्यसको सञ्चालनमा आवश्यक सीप ज्ञान र जनशक्तिको कमीका कारणबाट ऐन प्रणालीले प्रभवकारी रूपमा काम गर्न सकिरहेको छैन। जुन यी राष्ट्रहरूको अन्तर्राष्ट्रिय आर्थिक गरिविधिमा बाधा पुर्याउने एउटा कारण बनेको छ। यस्तो अवस्थामा, हाल यी राष्ट्रहरू जापान सरकार मार्फत आफ्नो देशको कानूनी संरचनात्मक आधारको प्रबधर्नका लागि समथर्न र सहयोग खोजिरहेका छन्।

आगामी दिनहरूमा यी देशहरूले अन्तर्राष्ट्रिय आर्थिक आदानप्रदानका क्रममा आवश्यक नागरिक व्यवसायिक ऐन प्रणालीका साथसाथै ऐन संरचनाको विकास गरी, त्यसले प्रभावकारी रूपमा काम गर्न सकेमा यी राष्ट्रहरूको समृद्धिमा योगदान पुर्याउने मात्र नभएर त्यो हाम्रो देश जापानको निम्ति पनि धेरै अर्थपूर्ण मानिन्छ।

साथै, आर्थिक विकास र अन्तर्राष्ट्रीयकरण तर्फ सफल हुदै जाने प्रक्रियामा रहेको NIES वा ASEAN का राष्ट्रहरू सँग पनि बिगतमा भन्दा थप आर्थिक आदानप्रदान गरि सँगसँगै समुन्नतिको मार्गमा अगाडी बढ्नको लागि, प्रत्येक राष्ट्रको कानूनी प्रणाली तथा त्यसको सञ्चालन सम्बन्धी आपसी समझदारीको गहिराइ बढाउने र बिगतमा भन्दा असल अन्तर्राष्ट्रिय आर्थिक लेनदेनको प्रणालीको खोजी गरिने भएमा राम्रो हुनेछ।

यस किसिमका परिस्थितिमा, हामीहरूले आफ्नो देशको सरकारसँग घनिष्ठ समन्वय राखि जापान सरकारद्वारा बर्तमानका दिन सम्म सञ्चय गर्दै आएको ऐन प्रणाली तथा त्यसको सञचालन सम्बन्धिको सीप ज्ञान ती राष्ट्रहरूमा दिलाउने कार्यबाट ऐन संरचनात्मक आधारको प्रबर्धनमा सहयोग पुग्नुका साथै हरेक राष्ट्रका सम्बन्धित प्रतिनिधिहरूको आदान-प्रदानद्वारा, अन्तर्राष्ट्रिय आर्थिक लेनदेनसँग सम्बन्धित ऐन प्रणाली प्रतिको साझा समझदारीमा बृद्धि ल्याउने उद्देश्य राखि यहाँ यस फाउन्डेशनको स्थापना गरिएको छ।

* Newly Industrialized Economies को छोटकरी। स्थापित समयमा कोरिया,ताइवान, हङकङ र सिङ्गापुर प्रति लक्षित।

## ● फाउन्डेशनको इतिहास

| | | |
|---|---|---|
| सन् १९९६ साल | मार्च २८ | तारिख संस्थापक सभा |
| | अप्रिल १६ | तारिख न्याय मन्त्रीबाट फाउन्डेशन स्थापनाको अनुमती |
| | अप्रिल २४ | तारिख स्थापित फाउन्डेशन दर्ताको निवेदन |
| | मे २२ | तारिख प्रथम निर्देशक मन्डल तथा स्थापना समारोहको आयोजना |
| सन् १९९८ साल | जुलाइ १६ | न्याय मन्त्रीबाट विशेष सार्वजनिक हित प्रबर्धन निगमको मान्यता प्राप्त |
| सन् २०१३ साल | मार्च १८ | प्रधानमन्त्रीबाट विशेष सार्वजनिक हित फाउन्डेशनको मान्यता प्राप्त |
| | अप्रिल १ | सार्वजनिक हित फाउन्डेशनको रूपमा दर्ता |

# 1 ऐन विकास समर्थन व्यवसाय

जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (JICA) ले यसको अनुदान समर्थनको एक भागको रूपमा बजार अर्थतन्त्रमा परिवर्तन भइरहेको एसियाली देशहरूमा ऐन प्रणालीको विकासलाई समर्थन गर्ने परियोजनाहरू सञ्चालन गर्दैछन्।
यस फाउन्डेशनलाई JICA द्वारा नागरिक तथा व्यावसायिक ऐनको क्षेत्रमा समर्थन गर्ने परियोजनाहरू सुम्पिइयो र यस फाउन्डेशनका कार्यकारीहरू, न्याय मन्त्रालय र अन्य सम्बन्धित व्यक्तिहरूको सहयोगमा यस परियोजनालाई प्रवर्द्धन गर्दछौं, साथै साझेदार देशहरूका न्यायिक सम्बन्धित व्यक्तिहरू र जापानमा भ्रमण गर्ने शोधकर्ताहरू सँगका आदानप्रदानलाई अझ गहिरो बनाउन र भविष्यमा हाम्रो मित्रवत सम्बन्ध कायम राख्न तत्पर छौँ।

### ●● भियतनाम

जापानको सबैभन्दा पहिलो ऐन विकास समर्थन प्रोजेक्ट, सन् १९९६ सालमा थाल्नु भएको भियतनाम प्रति लक्षित प्रोजेक्ट हो। त्यसपछि लगत्तै २० वर्ष लगातार समर्थन प्रोजेक्ट चलिरहेको छ।" सन् २०२० साललाई लक्ष्य राखि कानूनी तथा ऐन-कानूनी संसोधन समर्थन प्रोजेक्ट" सन् २०२० साल डिसेम्बरको अन्तमा समाप्त हुनेछ र सन् २०२१ साल जनवरी देखि सन् २०२५ साल डिसेम्बर सम्म चल्ने तालिकामा "ऐन विकास तथा ऐन कार्यान्वयनको गुणस्तर र दक्षता समुन्नती प्रोजेक्ट"लाई व्यवहारमा उतारिएको छ।

### ●● कम्बोडिया

जापानले सन् १९९९ देखि ऐन विकास समर्थन परियोजनाहरू कार्यान्वयन गर्दै आएको छ र कम्बोडियाको नागरिक ऐन तथा नागरिक कार्यविधि ऐनको मस्यौदा बनाउनमा पनि सहयोग गरेको छ। हामीले "नागरिक ऐन/नागरिक कार्यविधि ऐन प्रसार परियोजना" र "नागरिक ऐन/नागरिक कार्यविधि ऐन सञ्चालन सुधार परियोजना" आदि कार्यान्वयन गर्दै आएका छौँ र हाल सन् २०२२ नोभेम्बर देखि सन् २०२७ अक्टोबर सम्म चल्ने तालिकामा "ऐन/न्यायिक क्षेत्रको मानव संसाधन विकास परियोजना" कार्यान्वयन गर्दैछौँ।

### ●● लाओस

सन् २००३ देखि ऐन विकास समर्थन परियोजनाहरू कार्यान्वयन गर्दै आएका छौँ। "कानूनी मानव संसाधन विकासलाई सुदृढ गर्ने परियोजना" र "ऐन शासनको विकासलाई प्रवर्द्धन गर्ने परियोजना" जस्ता परियोजनाहरू कार्यान्वयन गर्दै आएका छौँ र हाल सन् २०२३ जुलाई देखि सन् २०२८ जुलाई सम्मको तालिकामा "ऐन शासनको विकासलाई प्रवर्द्धन गर्ने परियोजना चरण 2" कार्यान्वयन गर्दैछौँ।

### ●● इन्डोनेसिया

सन् २००७ देखि ऐन विकास समर्थन परियोजना सुरु भयो। "व्यवसायको वातावरण सुधार गर्नको लागि बौद्धिक सम्पदा अधिकार संरक्षण र कानुनी एकरूपता सुधार परियोजना" आदि कार्यान्वयन गर्दैछौँ र हाल सन् २०२१ अक्टोबर देखि सन् २०२५ सेप्टेम्बर सम्मको तालिकामा "व्यवसाय वातावरण सुधार गर्नको लागि ड्रफ्टर क्षमता सुधार गर्ने र विवाद समाधान क्षमता सुदृढीकरण परियोजना" कार्यान्वयन गर्दैछौँ।

### ●● अन्य

ऐन विकासलाई समर्थन गर्ने लक्षित देशहरू माथि सूचीबद्ध देशहरू बाहेक बंगलादेश, उज्बेकिस्तान र श्रीलंका आदिमा पनि समावेश गर्न विस्तार भएका छन् र यस फाउन्डेशनले JICA र न्याय मन्त्रालयद्वारा सञ्चालित सम्बन्धित प्रशिक्षण कार्यक्रमहरूलाई समर्थन गर्दछ।

# 2 गोष्ठी/सेमिनार व्यापार

ऐन विकास समर्थनका लक्षित देशहरू सहित एसियाली देशहरूमा नागरिक तथा व्यावसायिक ऐनको क्षेत्रमा जापान र प्रत्येक देशका न्यायिक, कानुनी पेशेवरहरू र शिक्षाविद् सम्बन्धित व्यक्तिहरू बीचको आपसी समझदारीलाई गहिरो बनाउनका लागि सार्वजनिक गोष्ठी र सेमिनार आयोजना र सह-आयोजना गर्छौं।

### ●● जापान-चीन नागरिक तथा व्यावसायिक ऐन सेमिनार

नागरिक तथा व्यावसायिक ऐनको क्षेत्रको बुझाइलाई अझ गहिरो बनाउनको लागि यो फाउन्डेशन स्थापना भएको सन् १९९६ देखि नै जापान र चीनले पालैपालो गर्दै हरेक वर्ष सेमिनारहरू आयोजना गर्दै आएको छ। चीनको ऐन प्रणालीको वर्तमान विकासका बारेमा चिनियाँ विज्ञहरूबाट जानकारी पाउनुका साथै जापानको ऐन प्रणाली बारे चिनियाँ पक्षले बुझ्ने अवसर प्रदान गर्छौं।




चीन-जापान बिचको नागरिक तथा व्यवसायिक ऐन सेमिनार
सन् २०१९ साल नोभेम्बरमा आयोजना (टोकियो)

### ●● एसिया र प्यासिफिक नागरिक तथा व्यवसायिक ऐन तुलनात्मक ऐन प्रणाली अनुसन्धान गोष्ठी

एसिया र प्यासिफिकका देशहरू र क्षेत्रहरूका विद्वानहरू र कानुनी कर्मचारीहरूलाई निमन्त्रणा गरेर नागरिक तथा व्यावसायिक ऐनको क्षेत्रसँग सम्बन्धित गोष्ठी आयोजना गर्दछौँ। यो एसिया र प्यासिफिक नागरिक तथा व्यावसायिक तुलनात्मक ऐन प्रणाली अनुसन्धानको सारांश प्रस्तुत गर्ने एक स्थानको रूपमा रहेको छ।

### ●● एसिया व्यवसाय ऐन फोरम

एसिया व्यवसाय ऐन फोरम (ABLF) यस फाउन्डेशन पनि संस्थापक संस्था मध्ये एक बनेर सन् २०१९ मा स्थापना गरियो र एसिया र जापान, सार्वजनिक र निजी क्षेत्रहरू (विशेष गरी अदालत र न्याय मन्त्रालय जस्ता सार्वजनिक क्षेत्रहरू, वकिलहरू, विद्वानहरू र कम्पनीको कानुनको क्षेत्रमा जिम्मा लिएकाहरू जस्ता निजी क्षेत्रहरू) साथै पुस्ताहरू बीच जोडिने तीन वटा पुल बनेर व्यवसाय ऐन देखि मानव अधिकारसम्मका एसियाली ऐनहरूको विस्तृत ज्ञानको बारेमा जानकारी साझा गरी बहुपक्षबाट छलफल गर्ने ठाउँ/फोरम प्रदान गर्ने उद्देश्य छ। सन् २०२३ मा "उत्पादक AIका सम्भावनाहरू र खतराहरू" भन्ने विषयको सहित हामीले दुईवटा अध्ययन सत्रहरू आयोजना गर्यौं।

### ●● "व्यवसाय र मानव अधिकार" सम्बन्धित गोष्ठी

जापानी सरकारले सन् २०२३ जुलाई ३ तारिख देखि सुरु हुने हप्तालाई "व्यवसाय र मानव अधिकार" सप्ताहको रूपमा तोकियो र "व्यवसाय र मानव अधिकार" सम्बन्धी धेरै सत्र र कार्यक्रमहरू आयोजना गरियो। यस फाउन्डेशनले पनि जापान-ASEAN मित्रता र सहयोगको ५०औं वार्षिकोत्सवको गोष्ठी "व्यवसाय र मानव अधिकार" आयोजना गर्यौं र "व्यवसाय र मानव अधिकार" मा मानव अधिकार डु डिलिजेन्सको अभ्यास, अल्पसंख्यकहरूको संरक्षण र वकिलहरूको भूमिका आदिमा केन्द्रित गरी विदेशी विशेषज्ञहरू, सरकार र व्यवसायका सम्बन्धित व्यक्तिहरू आदिलाई आमन्त्रित गर्दै छलफलमा केन्द्रित गोष्ठी आयोजना गर्यौं। साथै न्याय मन्त्रालय न्यायिक मामिला अनुसन्धान संस्थानद्वारा आयोजित न्याय र कूटनीतिमा मन्त्रीस्तरीय फोरमको स्मरणार्थ विशेष कार्यक्रम "व्यवसाय र मानव अधिकार" सार्वजनिक गोष्ठीलाई सह-आयोजितको रूपमा समर्थन गर्यौं।

# 3 सर्वेक्षण/अनुसन्धान परियोजना

एसियका विभिन्न राष्ट्रको नागरिक तथा व्यवसायिक ऐन क्षेत्रको विषय सँग सम्बन्धित अनुसन्धान तथा “व्यवसाय र मानव अधिकार”क्षेत्रसँग सम्बन्धित कागजपत्रको सङ्कलन तथा उपलब्ध गराउँदै आएको छ।

## एसिया र प्यासिफिक नागरिक तथा व्यवसातिक तुलनात्मक ऐन प्रणाली अनुसन्धान

कन्साई क्षेत्रका विद्वान र कानुनी कर्मचारीहरू मिलेर अध्ययन सत्रहरू बनाउनुभएको छ र हालसम्म निम्न विषयमा अनुसन्धान गर्नुभएको छ।

१ एसिया र प्यासिफिकका देशहरूमा डुबेका ऐन प्रणाली
२ एसिया र प्यासिफिकका डुबेका उद्योग तथा प्रतिभूति एन प्रणाली
३ एसिया र प्यासिफिकका देशहरूमा ADRको बस्तुस्थिती तथा दृष्टिकोण
४ एसियाली देशहरूमा वौद्धिक सम्पत्ति सम्बन्धि अधिकारको कार्यान्वयन (इन्फोर्समेन्ट)
५ एसिया र प्यासिफिकका देशहरूमा अन्तर्राष्ट्रिय M&A प्रतिको दृष्टिकोण
६ एसियाका राष्ट्रहरूमा सेयर होल्डर प्रतिनिधि मुद्दा प्रणालीको वास्तविक्ता तथा सेयर होलडरहरूको संरक्षण समस्याहरू
७ अगाडी बढ्दै गइरहेको एसियाको लेखा परिक्षण सम्बन्धिको वास्तविकता तथा समस्याहरू
८ एसिया क्षत्रका कम्पनीहरूका जानकारी उपलब्धी प्रणालीको बास्तविकता तथा समस्याहरू
९ चार दक्षिणपूर्वी एशियाली देशहरूका कोर्पोरेट गभनान्स
१० चार दक्षिणपूर्वी एसियाली देशहरूमा संयुक्त उद्यम ऐन प्रणाली र व्यावहारिक प्रतिक्रिया
११ चार दक्षिणपूर्वी एसियाली देशहरूमा घर जग्गा ऐन प्रणाली र व्यावहारिक प्रतिक्रिया

आर्थिक वर्ष सन् २०२४ देखि इन्डोनेसिया, फिलिपिन्स, भियतनाम र मलेसियालाई लक्षित गर्दै “प्रत्येक देशमा श्रम ऐन प्रणाली र व्यावहारिक प्रतिक्रिया सम्बन्धित तुलना” विषयको साथ दुई वर्षको अनुसन्धान परियोजना सञ्चालन गर्दै छन्।

## जापान कोरिया पार्टनरसिप सह अनुसन्धान

सन् १९९९ देखि हरेक वर्ष, कोरियाली अदालतका कर्मचारीहरूबाट छानिएका कोरियाली अनुसन्धानकर्ताहरू र जापानको न्याय मन्त्रालय, कानुनी मामिला ब्यूरो तथा अदालतका कर्मचारीहरूबाट छानिएका जापानी अनुसन्धानकर्ताहरूले नागरिक प्रशासनिक प्रणालीमा केन्द्रित संयुक्त अनुसन्धान गरेका छन्। त्यहाँ “जापान सत्र” र “कोरिया सत्र” भनिने दुई सत्रहरू राखि दुवै देशका अनुसन्धानकर्ताहरूले एकअर्काको देशको भ्रमण गरेर संयुक्त अनुसन्धान गर्दैछन्।

## “व्यवसाय र मानव अधिकार” परियोजना

संयुक्त राष्ट्र संघ मानव अधिकार समिति द्वारा अनुमोदित “व्यवसाय र मानव अधिकार सम्बन्धित निर्देशन सिद्धान्तहरू” अहिले “व्यवसाय र मानव अधिकार”को सम्बन्धमा सबै राष्ट्रहरू र कम्पनीहरूलाई आवश्यक व्यावहारिक अभ्यासको विश्वव्यापी मानकको रूपमा अन्तर्राष्ट्रिय समुदायमा व्यापक भएको छ। फाउन्डेशनको रूपमा, प्रत्येक एसियाली देशहरूमा व्यवसाय गरिरहनुभएका कम्पनी सहित व्यापक दायराका मानिसहरूमा चेतना जगाउने गतिविधिहरू सञ्चालन गर्ने उद्देश्यले यस निर्देशन सिद्धान्तहरूको कम्पनीको जिम्मेवारी सम्बन्धित भागबारे संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार उच्चायुक्तको कार्यालय (OHCHR) ले सिर्जना गरिएको “व्याख्याका लागि निर्देशन” अनुवाद गरेर तिनीहरूलाई वेबसाइटमा प्रकाशित गर्नुका साथै “मानव अधिकारको सम्मान सम्बन्धी कम्पनीको जिम्मेवारी र व्याख्याको निर्देशन” पनि सिर्जना गरी जनताका लागि पनि उपलब्ध गराउँदै आएका छौँ। त्यसपछि OHCHR द्वारा उपलब्ध गराएको “मानव अधिकार स्पष्टीकरण २.० व्यवसायको लागि गाइडबुक” अनुवाद गरेर उही गाइडबुकको लागि “उपयोग गाइड” सिर्जना गरी दुवै हाम्रो वेबसाइटमा उपलब्ध गराउँदै आएका छौँ।

## ऐन विकास समर्थन सम्बन्धी संयुक्त अनुसन्धान

फाउन्डेशनले ऐन विकास समर्थनको सम्बन्धमा न्याय मन्त्रालयले प्रत्येक एसियाली देशहरूलाई लक्षित गर्दै गरिएको संयुक्त अनुसन्धानमा सहयोग गर्दैछौँ।

# सार्वजनिक सूचना तथा घोषणाका सामग्री

हाम्रो फाउन्डेशनको वेबसाइट (https://www.icclc.or.jp) मा निम्न सहित धेरै जानकारी प्रदान गरेका छौँ, कृपया हेर्नुहोस्।

- आधिकारिक जर्नल “ICCLC” को रूपमा निर्देशक बोर्डको सामग्री, काउन्सिल बैठकहरूको विवरण, व्यापार योजनाहरू र बजेटहरू, व्यापार रिपोर्टहरू र वित्तीय विवरणहरू जस्ता फाउन्डेशनका गतिविधिहरू र अर्थिक अवस्था
- “ICCLC NEWS” को रूपमा न्यूजलेटरहरू, सेमिनारहरू र गोष्ठीहरू जस्ता वितरणयोग्य
- कार्य, वित्त, आदि सम्बन्धित कागजातहरू
- फाउन्डेशन कार्यकारीहरू द्वारा योगदान गरिएको लेखहरू आदि

गृहपृष्ठ URL **https://www.icclc.or.jp**




## सदस्यताका लागि आव्हान

■ कर्पोरेट सदस्य वार्षिक शुल्क

प्रत्येक शेयर २ लाख येन हुनेछ र प्रत्येक कम्पनीबाट एक वा सोभन्दा माथिको योगदानको लागि अनुरोध गर्दछौँ।

सदस्यता हुने सम्बन्धी सोधपुछको लागि फाउन्डेशन सचिवालयमा सम्पर्क गर्नुहोस्।

■ सार्वजनिक हित फाउन्डेशन

यस फाउन्डेसनले सन् २०१३ मार्च १८ तारिखमा प्रधानमन्त्री देखि सार्वजनिक हित फाउन्डेशनको रूपमा प्रमाणित गरी सोही वर्षको अप्रिल १ तारिखमा सार्वजनिक हित फाउन्डेशनको रूपमा दर्ता पूरा गऱ्यो।

# अभिवादन




अध्यक्ष
**कुनिहारु नाकामुरा**
सुमितोमो कर्पोरेशनको विशेष सल्लाहकार

रेइवा ६ (सन् २०२४) साल मार्चमा अध्यक्षको रूपमा नियुक्त गरियो। सन् १९९६ मा स्थापना भएदेखि, यस फाउन्डेशनले न्याय मन्त्रालय, JICA र अन्य सम्बन्धित संस्थाहरूसँग घनिष्ठ रूपमा मिलेर काम गरी एसियाली देशहरूमा ऐन प्रणालीको विकास, विवाद समाधान विधिहरू स्थापना गर्ने र कानुनी पेशेवरहरूको मानव संसाधन विकास गर्ने आदि समर्थन कार्यलाई निजी दृष्टिकोणबाट सक्रिय रूपमा सहभागी र सहयोग गर्दै आएका छौँ। समर्थन गर्ने लक्षित देशहरूको आर्थिक विकास र कानुनी र न्यायिक प्रणालीको विकासमा प्रगति जस्ता ऐन विकास समर्थनको वातावरणमा ठूला परिवर्तनहरू भइरहेको छ र हामी यी परिवर्तनहरूमा एकरूपता भएर सहयोग र समर्थन प्रदान गर्दै जानेछौँ। सम्बन्धित भएका सबैजनाको निरन्तर साथ र समर्थनको लागि अनुरोध गर्दछौँ।



निर्देशक प्रमुख
**ओनो कोतारो**
अधिवक्ता
भूतपूर्व न्याय मन्त्रालय सह-सचिव तथा सरकारी अभियोजक प्रमुख

हेइसेइ २९ (सन् २०१७) साल जुनमा निर्देशकको रूपमा नियुक्त गरियो। बढ्दै गएको विश्वव्यापीकरण संसारमा मानिसहरू, वस्तुहरू र सूचनाहरूको आदानप्रदान द्रुत र अधिक व्यापक हुँदै गइरहेको छ। यस गतिविधिले अथाह सम्पत्ति ल्याएको छ भने यसले धनी र गरिब बीचको क्षेत्रीय खाडल फराकिलो पार्ने र पृथ्वीको वातावरणलाई बिगार्ने जस्ता नकारात्मक पक्षहरू पनि ल्याएको छ। एसियाली देशहरूले पारस्परिक रूपमा लाभ हुने सन्तुलित विकास हासिल गर्नका लागि साझा कानुनी सिद्धान्त र नियमहरूको निश्चय गरी विवादहरू रोक्न र समाधान गर्ने क्षमता अभिवृद्धि गर्न आवश्यक छ। त्यसको लागि आधारभूत सर्तहरूको सूचनाको आदानप्रदान, ऐन विकासको समर्थन र मानव संसाधन विकास र तालिम दिने आदिमा योगदान दिने गतिविधिहरू सञ्चालन गर्नु यस फाउन्डेशनको उद्देश्य हो। सम्बन्धित भएका सबैजनाको समर्थन र सहयोगको लागि अनुरोध गर्दछौँ।




टोक्यो मेट्रो गिन्जा लाइन नान्बोकु लाइन(तामेइके सान्नो स्टेशन)
देगुची ९ नम्बर(तामेइके कोसाकोसातेन) हुँदै पैदल ३ मिनेट

# ICCLC


सार्वजनिक हित फाउन्डेशन अन्तर्राष्ट्रिय नागरिक तथा व्यवसायिक ऐन केन्द्र

## अन्तर्राष्ट्रिय नागरिक तथा व्यवसायिक ऐन केन्द्र

हुलाक नम्बर १०७-००५२
टोक्यो मिनातो आकासाका १-५ आकासाका आबितासियोन भवन
Tel:03-3505-0525　Fax:03-3505-0833

कार्यकारी निर्देशक हिरोमासा आओकी
E-mail"icclc-sa@js5.so-net.ne.jp"
Home Page"https://www.icclc.or.jp"



(2024, अगस्त)